# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## रामपुर, उदयपुर,

प्रदेश नं. १ नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०७६/०९/१५)**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखाको च.नं.६४, मिति ०७६/०८/२५ को पत्रानुसार चालु आ.व.०७६/०७७ मा गरिब घर परिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रम सञ्चालन गर्न गरिब परिवार पहिचान तथा परिचय-पत्र वितरण निर्देशिका, २०७५ बमोजिम यस नगरपालिकाको लागि देहायको संख्यामा कर्मचारी आवश्यक परेकाले नियुक्ती भएको मितिले अधिकतम ५ महिनाको लागि सेवा करारमा कर्मचारी नियुक्त गरी कामकाज लगाउनुपर्ने भएको हुँदा निर्धारित योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र यस नगरपालिकाको कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०४/२०७६/०७७ | सुपरिवेक्षक | पाँचौ तह वा सो सरह | १ (एक) जना | ५००।- | |
| ०५/२०७६/०७७ | गणक | चौथो तह वा सो सरह | ७ (सात) जना | ३००।- | |

**शैक्षिक योग्यता र अनुभव :**

१. **न्यूनतम शैक्षिक योग्यता** :- सुपरिवेक्षकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको । गणकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

२. **परिक्षाको किसिम** :- कम्प्यूटर सीप परिक्षा र अन्तरवार्ता

३. **उमेर** :-१८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।

४. **परिक्षा केन्द्र** :- वेलका नगरपालिका रामपुर, उदयपुर ।

५. **दरखास्त दिने अन्तिम मिति र समय** :- २०७६-०९-२१ गते दिनको २ : ०० बजे सम्म ।

६. **दरखास्त बुझाउने स्थान** :- वेलका नगरकार्यपालिकाको कार्यालय रामपुर, उदयपुर ।

७. **तलब** :- सुपरीवेक्षक र गणकको क्रमश स्थानीय तहको पाँचौ र चौथो तहका कर्मचारी सरह हुनेछ ।

८. **दरखास्तमा संलग्न गर्नुपर्ने** :- न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र पासपोर्ट साईजको २ प्रति फोटो दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ। साथै सबै प्रतिलिपीहरुको पछाडी स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्नुपर्नेछ ।

९. **सम्पर्क मिति** :- २०७६/०९/२२

१०. **अन्य थप जानकारीको लागि** :- बेलका नगरकार्यपालिकाको कार्यालय वा सम्पर्क नं. ०३५-४३०११२, ४३०११३ र ९८१५५१४६७८ मा सम्पर्क गर्न सकिनेछ ।

**नोट : सम्बन्धित स्थानीय तहको बासिन्दालाई प्राथमिकता दिईनेछ ।**

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त
प्रमुख प्रशासकिय अधिकृत